# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## सामान्य सेवा विभाग

## नेपाल राष्ट्र बैंक समाचार रंगिन मासिक पत्रिका छपाई गर्ने बारेको

## शिलवन्दी वोलपत्र फाराम

| | | |
|---|---|---|
| *सिलवन्दी वोलपत्र फाराम विक्री हुने अन्तिम मिति* | : | *२०६४।०९।१३ गते* |
| *सिलबन्दी वोलपत्र पेश गर्ने अन्तिम मिति* | : | *२०६४।०९।१५ गते मध्यान्ह १२:००बजेसम्म ।* |
| *वोलपत्र खोल्ने मिति र समय* | : | *२०६४।०९।१५ गते अपरान्ह १:०० बजे ।* |

नेपाल राष्ट्र बैंकबाट प्रकाशित गरिने नेपाल राष्ट्र बैंक समाचार रंगिन मासिक पत्रिका चालु आ.व. २०६४।०६५ मा प्रकाशन हुने १२ अंकहरु मध्ये बांकी रहेको अंकहरु अफसेट प्रविधिबाट छपाई गर्ने सम्वन्धमा २०६४ साल मंसिर १३ गतेको गोरखापत्रमा प्रकाशित सिलबन्दी वोलपत्र सूचना अनुसार संलग्न फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही निम्न बिवरणहरु सहितको नेपाल राष्ट्र बैंक समाचार मासिक रंगिन पत्रिका छपाई गर्न यो शिलबन्दी वोलपत्र फाराम पेश गरेको छु/छौं ।

फर्मको नाम :

ठेगाना :

फर्मको तर्फबाट अख्तियारवालाको दस्तखत :
(संचालक, प्रोप्राईटर वा संस्थाले अख्तियारी दिएको व्यक्ति):

पुरा नाम :

मिति :

फोन नं. :

मोवाईल नं. :

फ्याक्स नं. :

फर्मको छाप :

## (क) नेपाल राष्ट बैंक समाचारको विबरण

| | | |
|---|---|---|
| (१) | नाम | नेपाल राष्ट्र बैंक समाचार मासिक रंगिन पत्रिका |
| (२) | साइज | A4 / letter नमूना अनुसारको |
| (३) | कलर | Multicolor in all pages with photo / diagram |
| (४) | प्रति अङ्क पेज | १२ पेज |
| (५) | प्रति अङ्क छपाई संख्या | ८०० प्रति |
| (६) | अक्षरको साइज | नमूना अनुसारको (10 – 14 Point) |

## (ख) छपाई सम्बन्धी विबरण

| सि.नं. | विबरण | | मूल्य रु. | अक्षेरपीमा रु. |
|---|---|---|---|---|
| (१) | Paper Quality<br>संख्या | Art Mat Paper 148 gm<br>(क) आठ सय : | | |
| (२) | स्क्यानिङ्ग, डिजाइनिङ्ग, लेआउट, पेजमेकिङ्ग | एकमुष्ट– १२ पेजको | | |
| (३) | स्टिचिङ्ग | सेन्ट्रल स्टिचिङ्ग २ ठाउँमा | | |
| (४) | मूल्य | सबै करहरु समावेश हुनुपर्ने । | | |

## (ग) अन्य विवरणहरु

| | | |
|---|---|---|
| 1 | Monthly | to be issued in the first week of Nepali Month |
| 2 | Duration | To be completed within one week (5 working days) from the first delivery of raw material (पाण्डुलिपी) |
| 3 | No. of pages | Generally 12 pages |
| 4 | Output | - First proof : B/W – laser print out.<br>- Approval copy : fine color print out with accurate CMYK color. |
| 5 | Correction | 2/3 times |
| 6 | Delivery | Baluwatar, Central Office |

## (घ) विशेष विवरणहरु

# Technical Specification

1. Perfectness in designing layout, page making with skilled man power, designing house with printing facility.
   Should have working experience with corporate houses and different organizations.
2. Digital proofing service within design house.
3. Quality design, separation & printing service from four color printing machine as per requirement.
4. Overnight service facilities in emergency.
5. Availability :
   1. Good quality scanning machine.
   2. Negative separation
   3. Four color printing machine.

## शर्तहरुः

१. वोलपत्रदाताले खाम वाहिरपट्टी शीरमा नेपाल राष्ट्र बैंक समाचार रंगिन मासिक पत्रिका छपाई गर्ने वारे" भन्ने लेखि शिलवन्दी गरी श्री कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभागलाई सम्वोधन गरेको हुनु पर्दछ । शिलवन्दी नभई पेश हुन आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

२. वोलपत्रदाताले दर (रेट) अंक र अक्षरमा लेख्नुको साथै जम्मा रकम समेत प्रष्ट उल्लेख गर्नु पर्नेछ । सो लेख्दा भरिसक्य नबिराईकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । बिरिन गई सच्याउनु परेमा अंक र अक्षर खुर्कनु, मेट्न हुंदैन । बिरिए जति अंक र अक्षर पढ्न सकिने गरी केरी थप्न पर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो लेखि थप तथा केरमेटमा समेत अरु अंक र अक्षर थप घट गर्न नमिल्ने गरी अगाडि र पछाडी सहिछाप गरेको हुनु पर्नेछ । सो बमोजिम नभएको टेण्डरलाई मान्यता दिइने छैन ।

३. वोलपत्र फाराममा उल्लेखित मूल्य वा रकम बैंकलाई सामान डेलिभरी गर्दाको अन्तिम मूल्य हुनु पर्दछ र वोलपत्रमा उल्लेखित मूल्य ०६४/०६५ को छपाई कार्य नसकुन्जेलसम्म घटवढ गर्न पाइने छैन ।

४. वोलपत्रकासाथ अर्नेष्टमनी स्वरुप बोल रकमको २.५ प्रतिशत रकम यस बैंकको बैकिङ्ग कार्यालय, थापाथली स्थित नेपाल राष्ट्र बैंकको सामान्य हिसाव नं ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तिमा १२० दिनको बैंक ग्यारेण्टी (बिडबण्ड) संलग्न हुनु पर्नेछ ।

५. वोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गरी कार्यादेश बुझ्नु पर्नेछ । म्याद भित्र सम्झौता गर्न नआएमा वा कार्यदेश अनुसार काम नगरेमा शर्त नं.४ अनुसार अर्नेष्टमनी वापत राखेको रकम जफत गरी घटिमा ३ वर्षसम्म कालोसूचीमा राख्न सकिने छ । यस उपर कुनै उजुर लाग्ने छैन ।

६. स्वीकृत वोलपत्रदाताको अर्नेष्टमनी वापत जम्मा गरेको रकम २०६४।०६५ को नेपाल राष्ट्र बैंक समाचार मासिक रंगिन पत्रिका छपाईको सम्झौता समाप्त भएपछि बिना व्याज फिर्ता गरिने छ । बैंक ग्यारेण्टी पेश गर्नेको हकमा स्वीकृत बोलपत्रदाताले १८ महिनाको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पेश गर्नु पर्ने छ । वोलपत्र अस्वीकृत हुनेको रकम नेपाल राष्ट्र बैंक समाचार रंगिन मासिक पत्रिका छपाईको सम्झौता भएपछि बिना व्याज फिर्ता गरिने छ ।

७. लेख रचनाहरु वा सम्पादकीयको पाण्डुलिपि मध्ये जुन भएपनि अन्तिम प्रुफ पास गरी दिएको मितिले ५ दिन भित्र सम्पूर्ण प्रति तयार गरी बैंकमा बुझाउनु पर्नेछ । तोकिएको म्याद नाघेको दिन देखि दैनिक रु.४००/- का दरले हर्जाना लाग्ने छ । यसरी हर्जाना लागेको ७ दिन भित्र पनि पत्रिका नवुझाएमा पत्रिकाको सो अंक वुझ्न बैंक वाध्य हुने छैन । यस अवधिमा पनि कार्य सम्पन्न नगरेमा शर्त नं. ५ बमोजिम कारवाही गर्न सकिनेछ ।

८. पत्रिका बैंकले तोकेको स्पेशिफिकेशन वा नमूना अनुसारको कागजमा छपाई गर्नु पर्नेछ ।

९ कार्यादेश वमोजिम सम्पूर्ण पत्रिका बुझाई सकेपछि मात्र वीलको भुक्तानी एकाउन्टपेयी चेकबाट (नेपाली मुद्रामा) गरिने छ । अग्रिम वा आंशिक भुक्तानी दिइने छैन ।

१०. छपाई आदेश पाएको प्रेशले बैंकले उपलब्ध गराएको पाण्डुलिपी बुझेर लगेको मितिले ५ दिन भित्र प्रुफ हेरि सच्याई बुझेको पाण्डुलिपी अनुसारको सम्पुर्ण प्रुफ पास गर्नको लागि बैंकमा ल्याउनु पर्ने र प्रुफ पास गराई मात्र छाप्नु पर्नेछ । उक्त अवधिमा प्रुफ पास गर्नको लागि ल्याउन नसक्ने भएमा प्रेशले तुरुन्त यस बैंकलाई लिखित रुपमा खवर गर्नु पर्नेछ । नमूना स्वीकृती नगराई पत्रिका छपाएमा वा कागजको गुणस्तर बैंकले तोके अनुसारको नभएमा वा छपाई तथा वाईण्डिङ्ग आदि बैंकले तोके अनुसार नभई फरक परेमा बैंकलाई स्वीकार हुने छैन । नमूना बमोजिम नभएको पत्रिका फिर्ता गरी सोको क्षतिपुर्ति परफरमेन्स बण्ड वा धरौटी रकमबाट असुल गरिनेछ । यसमा कुनै उजुर लाग्ने छैन ।

११. वोलपत्रदाताले वोलपत्र फाराम साथ फर्म दर्ता प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण-पत्र तथा आयकर दर्ता प्रमाण-पत्रहरु नविकरण समेत भएको प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

१२. वोलपत्रदाताले बैंकले उपलव्ध गराएको वोलपत्र फाराममा मात्र वोलपत्र पेश गर्नु पर्नेछ । बैंकले उपलव्ध गराएको वोलपत्र फारामको छविचित्र गरी वा पुन: छपाई गरी वा अन्य कुनै तरिका अपनाई वोलपत्र पेश हुन आएमा त्यस्तो वोलपत्रलाई मान्यता दिईने छैन ।

१३. फर्म वा कम्पनीको तर्फबाट वोलपत्र पेश गर्दा फर्म वा कम्पनीको प्रोपाईटर, संचालक वा अख्तियार प्राप्त व्यक्तिले वोलपत्र फारामका प्रत्येक पानामा तथा शिलवन्दी खाममा दस्तखत गरी आफ्नो कार्यालयको छाप समेत अनिवार्य रुपमा लगाउनु पर्नेछ । (अख्तियारवाला व्यक्तिले वोलपत्र पेश नगरेमा फर्म वा कम्पनीको प्रोपाइटर वा संचालकले निजलाई अख्तियार दिएको पत्र वोलपत्र साथ पेश गर्नु पर्नेछ) ।

१४. पेश भएको वोलपत्रको बारेमा बैंकले कुनै कुरा बुझ्न चाहेमा लिखित रुपले वोलपत्रदाताबाट यस्तो जानकारी लिन सक्नेछ ।

१५. वोलपत्र स्वीकार गर्ने/नगर्ने संपूर्ण अधिकार यस बैंकको अधिनमा रहनेछ ।

१६. वोलपत्रमा उल्लेख भएका वाहेक वोलपत्रदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी वोलपत्र पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ ।

१७. प्राप्त वोलपत्रहरु वोलपत्र फाराममा उल्लेख भएको मितिमा यस विभागमा वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा (उपस्थित नभए पनि) खोलिनेछ ।

१८. माथि उल्लेखित सवै कुराको रित नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१९. वोलपत्र पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा विदा पश्चात कार्यालय खुल्ने पहिलो दिनमा वोलपत्र बुझ्ने र वोलपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा विदा पश्चातको पहिलो दिनमा वोलपत्र खोलिने छ ।

२०. वोलपत्रसम्वन्धी कुनै कुरा बुझ्न परेमा यस बैंकको सामान्य सेवा विभाग (आन्तरिक प्रशासन फांट) मा संम्पर्क राख्न सकिने छ ।

सामान्य सेवा विभाग
बालुवाटार